*शिक्षामा लगानी, ल्याउँछ सुनौलो बिहानी* फोन नं.:०७१-५१४०२९

# पशुपति कलेज

(त्रि.वि. बाट सम्बन्धन प्राप्त)
व्यवस्थापन तथा शिक्षाशास्त्र सङ्काय (बि.बि.एस. एवम् बि.एड.)
तिलोत्तमा-१६, कोटिहवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
स्था.२०६२

चलानी नं.:
पत्र संख्या : २०८२/०८३ मिति: २०८२/०८/२१

## छात्रवृत्ति सम्बन्धी सूचना ।

उपर्युक्त सम्बन्धमा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, राप्ती उपत्यका (देउखुरी) दाङ्गद्वारा प्रकाशित उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सूचना अनुसार सामुदायिक क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित छात्रबृत्ति उपलब्ध गराउने सूचना प्रकाशित भएकोले तपसिल बमोजिमको विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने आधार र प्रमाण खुलाउने कागजातहरुसहितमाग गर्ने छात्रवृत्तिको यकिन गरी निवेदन र प्रमाण सहित यही २०८२/०९/०४ गते भित्र क्याम्पसको लेखा तथा प्रशासन शाखामा विहान १० बजेभित्र उपलब्ध गराउनका लागि विद्यार्थीहरुलाई सूचित गरिन्छ ।

**तपसिल**

१. दलित विद्यार्थी छात्रवृत्ति
२. जनजाति विद्यार्थी छात्रवृत्ति
३. महिला विद्यार्थी छात्रवृत्ति
४. मधेशी विद्यार्थी छात्रवृत्ति
५. मुस्लिम विद्यार्थी छात्रवृत्ति
६. द्वन्द पिडित विद्यार्थी छात्रवृत्ति
७. अपाङ्ग विद्यार्थी छात्रवृत्ति
८. सिमान्तकृत एवं अल्प सङ्ख्यक विद्यार्थी छात्रवृत्ति
९. वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्ति

**छात्रवृत्तिका लागि आवश्यक कागजातहरु**

१. निवेदन तथा हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ थान ।
२. प्लस टु को ट्रान्सक्रिप्ट र सर्टिफिकेटको प्रतिलिपी १/१ थान ।
३. कलेजमा भर्ना भई रजिष्ट्रेशन (प्रथम वर्षको हकमा), आन्तरिक परीक्षामा सहभागी भएको, नियमित रूपमा अध्ययन रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी हुनु पर्ने ।
४. सम्बन्धित विद्यार्थीको बैंक खाता विवरण (बैंकको नाम, शाखा र खाता नं. खुल्ने प्रमाण) १ थान ।
५. दलित छात्रवृत्तिको हकमा राष्ट्रिय दलित आयोगमा सूचिकृत जातजाति भएको हुनुपर्ने ।
६. मुस्लिम छात्रवृत्तिको हकमा नेपाल सरकारबाट मुस्लिम जातजातिभित्र सूचिकृत भएको हुनुपर्ने ।
७. द्वन्द पिडित छात्रवृत्तिको हकमा द्वन्दको अवधिमा द्वन्दका कारण मृत्यु भएका तथा द्वन्दको क्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएको ५० प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्गभङ्ग भएका घाइते वा वेपत्ता भएका ३० वर्ष उमेर ननाघेका जिल्ला प्रशासन कार्यालयबाट द्वन्द प्रभावित भएको प्रमाण ।
८. सहिदका छोराछोरी छात्रवृत्तिको हकमा नेपाल सरकार गृह मन्त्रालयद्वारा शहिद घोषणा गरिएका व्यक्तिका उच्च शिक्षा तहमा अध्ययनरत ३० वर्ष उमेर ननाघेको सन्तति हुनुपर्ने ।
९. अल्पसंख्यक तथा सिमान्तकृत विद्यार्थी छात्रवृत्तिको हकमा नेपाल सरकार अल्पसंख्यक र सिमान्तकृत जातिको सूचिमा सूचिकृत भएका तथा प्रदेश सरकारले तोकेका जातजातिका ३० वर्ष उमेर ननाघेका सन्तान हुनुपर्ने ।
१०. जनजाति छात्रवृत्तिको हकमा जनजातिमा सूचिकृत भएको जाति हुनुपर्ने ।
११. अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको हुनुपर्ने ।

.............
जित बहादुर रास्कोटी
क्याम्पस प्रमुख